# लम्कीचुहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## भल्का,कैलाली
## सुदूरपश्चिम प्रदेश नेपाल

प.सं.२०८२/०८३
च.नं. २३६४

मिति: २०८३/०१/२२

श्री सबै वडा कार्यालयहरु
श्री सबै एग्रोभेटहरु
श्री सबै सहकारी संस्थाहरु
श्री सबै कृषि फर्महरु

**विषय:** मलखाद वितरणमा अनियमितता सम्बन्धी सूचना ।

उपरोक्त सम्बन्धमा यस लम्कीचुहा नगरपालिका क्षेत्रमा संचालनमा रहेका केही एग्रोभेट, सहकारी तथा कृषि फर्महरुले किसानहरुलाई वितरण गरिने मलखादमा अनियमिता गरेको भन्ने जानकारी प्राप्त भएकोले यस सम्बन्धमा ध्यानाकार्षण गराउन यो पत्र पेश गरीएको छ । डि.ए.पि., युरिया लिदा जिंक, पोषण जस्ता अन्य सामाग्रीहरु अनिवार्य लिनुपर्छ भनेर जवरजस्ती गरेको, निर्धारित मुल्यभन्दा बढी दरमा मलखाद बिक्री गरेको, कृत्रिम अभाव सृजना गरी कालोबजारी गरेको, किसानहरुलाई समयमा मलखाद उपलब्ध नगराई लुकाउने गरेको जस्ता क्रियाकलापहरुले गर्दा किसानहरुमा नकारात्मक असर परेकोले यस पछिका दिनहरुमा यस्ता क्रियाकलापहरु नगर्न र गरेको खण्डमा कानुनी रुपमा कार्बाही हुने व्यहोरा यसै पत्रसाथ जानकारी गरिन्छ ।

रविन पडाल
कृषि अधिकृत